# मनसुन २०८२ को अवस्था प्रतिवेदन

**(मिति : २०८२ जेठ १५ - २०८२ असोज २४)**

यस वर्षको मनुसन सरदरभन्दा बढी अवधिसम्म रह्यो। सरदरभन्दा केही दिनअघि अर्थात् २०८२ जेठ १५ गते नेपाल प्रवेश गरेको मनसुन १३५ दिन रहेर २०८२ असोज २४ गते नेपालबाट पूर्ण रुपमा बाहिरिएको हो।

यस वर्षको मनसुनमा सरदर वर्षा भयो। जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्ष मनसुन अवधिमा १३७५.४ मिलिमिटर वर्षा भएको, जुन सरदर १४१४.५ मिलिमिटर वर्षाको तुलनामा ९७.२३ प्रतिशत हो। यद्यपि, विपद्का घटनाका साथै मानवीय तथा भौतिक क्षति विगत वर्षको तुलनामा कम भयो। गत वर्षको मनुसनको अवधिमा २१३९ मनसुनजन्य घटनाहरु रेकर्ड हुँदा ४९५ जनाको मृत्यु भएकोमा यस वर्ष १४५४ घटनाहरु रेकर्ड हुँदा १४० जनाको ज्यान गयो।

मनसुनको अन्त्यतिर २०८२ असोज १७-२० गतेसम्म भारीदेखि अति भारीसम्म वर्षा हुँदा जनधनको क्षति केही बढी हुन पुग्यो। उक्त चार दिनमा मनसुनजन्य विपद्का घटनाबाट ५३ जनाको मृत्यु भयो भने पाँच जना अझै बेपत्ता छन्। यो मनुसनमा मानवीय क्षतिका हिसाबले इलाम सबैभन्दा बढी प्रभावित जिल्ला रह्यो जहाँ असोज १७-२० गतेभित्र मात्रै ३९ जनाको मृत्यु भयो। क्षतिको स्तरलाई मध्यनजर गरेर असोज २३ गते बसेको नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले इलामलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गर्यो।

यो मनसुनको अर्को ठूलो विपद्जन्य घटना रसुवाको भोटेकोशी नदीमा आएको बाढी हो। २०८२ असार २४ गते बिहान रसुवाको भोटेकोशी नदीमा अकस्मात आएको बाढीका कारण १८ जना वेपत्ता भएकोमा ११ वटा शव तथा मानव अंग फेला परे। बाढीले टिमेरेस्थित मितेरी पुल बगायो भने यो सहित २ वटा पुल पूर्ण रुपमा र एउटा आंशिक रुपमा क्षतिग्रस्त भयो। त्यसैगरी, स्याफ्रुवेसी-रसुवागढी सडकको ठूलो हिस्सा बग्यो। एउटा सुक्खा बन्दरगाह र तीनवटा जलविद्युत आयोजनामा अर्बौंको क्षति हुनुका साथै कार्गोसहितका ७६ वटा गाडी बगायो। उक्त बाढी नेपाल-चीन सीमाबाट करिब ३५ किलोमिटर माथि तिब्बती क्षेत्रमा अवस्थित प्युरेपू हिमनदीमा अवस्थित सुप्राग्लेसियर तालको पानी अचानक निकासका कारण हिमबाढी आएको अध्ययनहरुले देखाए।

यो मनसुनमा बाढी, पहिरो साथसाथै सुक्खाको पनि समस्या देखियो। मनसुनको सुरुवातमा मधेश प्रदेश सुक्खाको समस्याबाट प्रभावित भयो। फलस्वरुप, नेपाल सरकार मन्त्रिपरिषद्ले साउन ८ गते मधेश प्रदेशभर तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्यो। त्यसअघि, पानीको स्रोत तथा मुहानहरु सुकी खानेपानी तथा सिंचाई कार्यमा समस्या उत्पन्न भएपश्चात असार २६ गते मधेश प्रदेश सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

२०८१ को मनसुन अवधिमा भएका ठूला घटना र क्षतिबाट पाठ सिकी यस वर्ष सुरुवातबाटै पूर्वतयारीलाई गम्भीरतापूर्वक अघि बढाइएको थियो। २०८२ जेठ १४ गते 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' पारित गरी सबै सम्बन्धित निकाय तथा पक्षलाई परिपत्र गरिएको थियो। सोही कार्ययोजनाअनुसार गठित प्रतिकार्य कमाण्ड पोष्टले सुरुवातबाटै काम थाल्यो र हरेक विषम मौसमको पूर्वानुमानलगत्तै बैठक बसेर सम्बन्धित निकायलाई समन्वय तथा निर्देशन दिने कार्य गर्यो। असोज १७-२० को भारी वर्षाका बेला पोष्टका संयोजक एवं प्राधिकरणका कार्यकारी प्रमुखको नेतृत्वमा 'कमाण्ड सेन्टर' नै स्थापना गरी लगातार ३८ घन्टासम्म सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा निर्देशन जारी भयो।

## मृत्युको आधारमा  प्रभावित जिल्लाहरूको नक्साङ्कन




## मानवीय क्षति

मृत्यु १४०
बेपत्ता ३०
घाइते ३००
प्रत्यक्ष प्रभावित परिवार ५,९९५
प्रभावित जिल्ला (मृत्युको आधारमा) ४७

## भौतिक क्षति

निजी घर क्षति
पूर्ण क्षति - ५५६
आंशिक क्षति - १०४२

विद्यालय (जोखिममा रहेको सहित) २७

पक्की - ९
फलामे, बेली ब्रिज - ३
झोलुङ्गे - ४
काठे - १३

जलविद्युत आयोजना
पूर्ण क्षति - ३
आंशिक क्षति - ३३

## हाइलाइट

- **यस वर्षको मनसुन १३५ दिनसम्म रह्यो।**
- **मनसुनजन्य विपद्बाट यस वर्ष १४० जनाको मृत्यु, ३० जना बेपत्ता र ३०० जना घाईते। प्रत्यक्ष प्रभावित परिवार संख्या ५,९९५।**
- **गत वर्षको मनसुन अवधिमा ४९५ जनाको मृत्यु, ६६ वेपत्ता र ५२२ जना घाईते। प्रत्यक्ष प्रभावित परिवार १०,८२३।**
- **मनसुनजन्य विपद्का घटनाबाट ७७ वटै जिल्ला प्रभावित, मृत्युको आधारमा ४७ जिल्ला प्रभावित।**
- **यस वर्षको मनसुनमा सरदर वर्षा।**

## मनसुनजन्य विपदका घटनाको गत वर्ष र यस वर्षको तुलना



## मनसुन २०८२ : मनसुनजन्य विपद्का घटना र मानवीय क्षति

| घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | २९२ | ३७ | २६ | १४ | ३२०० |
| पहिरो | ५१३ | ६७ | ४ | ७७ | १५१८ |
| भारी वर्षा | ३९७ | ७ | ० | २० | ९६६ |
| चट्याङ | २५२ | २९ | ० | १८९ | ३११ |
| जम्मा | १४५४ | १४० | ३० | ३०० | ५९९५ |

## मनसुन २०८२ : विपद्का अन्य घटना र मानवीय क्षति

| | | | | | |
|---|---|---|---|---|---|
| आगलागी | ८४४ | ११ | ० | ११३ | ९१७ |
| वन डढेलो | ७ | ० | ० | ० | १ |
| हावाहुरी | ६९ | १ | ० | ८ | ९९ |
| सर्पदंश | ४४२ | ७४ | ० | ३७४ | ४४९ |
| जनावर आक्रमण | २०६ | २१ | १ | ९२ | ३६५ |
| लेक लाग्नु | ४४ | १३ | ० | ३५ | ४३ |
| भूकम्प | ४ | ० | ० | ० | १ |
| महामारी | १ | ० | ० | ० | १५५ |
| जम्मा | १६१७ | १२० | १ | ६२२ | २०३० |

## मनसुनजन्य विपद्का घटनाको गत वर्ष र यस वर्षको तुलना

| वर्ष | घटना | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| २०८१ | २१३९ | ४९५ | ६६ | ५२२ | १०८२३ |
| २०८२ | १४५४ | १४० | ३० | ३०० | ५९९५ |

## मनसुनको पूर्वतयारी तथा प्रतिकार्यः

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तयार गरी लागु गरिएको।
- पूर्वतयारीका क्रममा निजी क्षेत्रका ऱ्याफ्टिङ व्यवसायी, ड्रोन उडान संस्था, सार्वजनिक सेवा प्रसारण, सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकाष्टिङ्ग एशोसियशनलगायतका सञ्चार संस्था, पर्यटन व्यवसायी लगायतहरुसँग छलफल गरी आवश्यकता अनुसार उहाँहरुको मद्दत सुनिश्चित गरिएको।
- मनसुनजन्य विपद्का घटनाका कारण जोखिममा परेका ३० जनाको हेलिकोप्टरबाट र ६,०९२ जनाको स्थलगत उद्धार गरिएको।
- मनसुनजन्य विपद्मा परेकाहरुको खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालसहित ३७,९३६ जनशक्ति र स्वयंसेवकहरु परिचालन गरिएको।
- घाइतेहरुलाई तत्काल अस्पताल पुऱ्याउने र निशुल्क उपचारको व्यवस्था मिलाइएको।
- विपद्का कारण अवरुद्ध भएका सडक, राजमार्ग, विद्युत, खानेपानी, सञ्चार प्रणालीलगायतका आधारभूत सार्वजनिक सेवाहरु तत्काल मर्मत गरी सुचारु गरिएको।
- विपद्का घटनाबाट विस्थापित भएका परिवारहरुलाई तत्काल अस्थायी आवास निर्माणका लागि आवश्यक रकम प्रभावित जिल्लामा पठाइएको।
- बाढी, पहिरो र डुबानबाट प्रभावितहरुका लागि स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको।
- मनसुनको समयमा सुख्खापनको समस्या देखिएपछि मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी साझेदार संस्थाहरु मार्फत पानीको समस्या समाधान गर्न उहाँहरुको कार्यक्रमलाई केन्द्रित गरिएको।
- मनसुनको अन्त्यतिर आइपुग्दा असोजको १८ देखि २० गतेसम्म परेको पानीका कारण इलाम जिल्ला बढी प्रभावित भए पश्चात इलामलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको।

## बाढी, पहिरो, भारी वर्षा र चट्याङको गत वर्ष र यस वर्षको तुलना

(गत वर्ष २०८१ जेठ २८ - असोज २६ र यस वर्ष २०८२ जेठ १५ - असोज २४)












# मनसुन २०८२ को प्रदेशगत विवरण:

| प्रदेशगत मनसुनजन्य घटना र क्षति | | | | | |
|---|---|---|---|---|---|
| घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रत्यक्ष प्रभावित परिवार |
| कोशी | ३७६ | ६२ | ३ | ९७ | २१९६ |
| मधेश | ६२ | ८ | १ | ४ | ५१८ |
| बागमती | २८० | २४ | २४ | ६८ | १४९२ |
| गण्डकी | १२१ | ११ | ० | २६ | १५३ |
| लुम्बिनी | २२४ | १७ | ० | ३३ | ४४० |
| कर्णाली | २४८ | १० | १ | ४१ | ४४३ |
| सुदूरपश्चिम | १४३ | ८ | १ | ३१ | ७५३ |
| जम्मा | १४५४ | १४० | ३० | ३०० | ५९९५ |
| प्रदेशगत सबैखालका (मनसुनजन्य सहित) घटना र क्षति | | | | | |
| कोशी | ७२० | ८८ | ३ | १७० | २६२२ |
| मधेश | ३६९ | ३९ | १ | ९१ | १०१९ |
| बागमती | ४८२ | ३३ | २४ | १४१ | १६९४ |
| गण्डकी | २५७ | २० | ० | ११० | २९५ |
| लुम्बिनी | ५११ | ४२ | १ | १८० | ७३० |
| कर्णाली | ३५७ | १६ | १ | ८४ | ५५९ |
| सुदूरपश्चिम | ३७५ | २२ | १ | १४६ | ११०६ |
| जम्मा | ३०७१ | २६० | ३१ | ९२२ | ८०२५ |




# विगत १० वर्षको मनसुनजन्य विपद्का घटना र मृत्युको विवरण






# यस वर्ष मनसुनजन्य विपद्बाट भएको मानवीय क्षतिको खण्डिकृत विवरण

## मृत्यु - १४०

पुरूष ६५ | महिला ४३ | बालक १५ | बालिका १७

### पहिरो - ६७

इलाम - ४०
म्याग्दी - ५
अर्घाखाँची - २
जाजरकोट - २
ताप्लेजुङ्ग - २
पर्वत - २
सुर्खेत - २
उदयपुर - १
काभ्रेपलाञ्चोक - १
कास्की - १
चितवन - १
दोलखा - १
मोरङ - १
रूकुम पश्चिम - १
लमजुङ्ग - १
सुनसरी - १
पाँचथर - १
पाल्पा - १
मुगु - १

### बाढी - ३७

चितवन - ३
काभ्रेपलाञ्चोक - २
अछाम - २
सोलुखुम्बु - २
कैलाली - २
मकवानपुर - २
रसुवा - २
धनुषा - २
नुवाकोट - २
सुनसरी - १
दोलखा - १
डोल्पा - १
धादिङ्ग - १
ललितपुर - १
नवलपरासी प. - १
खोटाङ - १
अर्घाखाँची - १
मुस्ताङ्ग - १
झापा - १
रौतहट - १
पाँचथर - १
सिन्धुली - १
प्युठान - १
सुनसरी - १
बाजुरा - १
भोजपुर - १
पर्वत - १

### चटयाङ्ग - २९

मकवानपुर - ४
रौतहट - २
भोजपुर - २
कपिलवस्तु - २
रुकुम पश्चिम - २
खोटाङ्ग - २
रूपन्देही - २
ताप्लेजुङ - १
गुल्मी - १
बारा - १
कैलाली - १
झापा - १
सुर्खेत - १
रुपन्देही - १
बाँके - १
दाङ - १
सिराहा - १
धनुषा - १
ओखलढुङ्गा - १
प्युठान - १

### अविरल वर्षा - ७

अछाम - २
सिन्धुली - २
उदयपुर - १
कपिलवस्तु - १
रोल्पा - १

## वेपत्ता - ३०

पुरूष १५ | महिला ४ | बालक ३ | बालिका २

चिनीया नागरिक ६

### पहिरो - ४

सिन्धुपाल्चोक - २
इलाम - १
डोटी - १

### बाढी - २६

रसुवा - २१
सुनसरी - १
जुम्ला - १
झापा - १
रौतहट - १
धादिङ्ग - १

## घाइते - ३००

पुरूष १२६ | महिला १०३ | बालक ३२ | बालिका ३९

### चटयाङ्ग - १८९

मकवानपुर - २४
ओखलढुङ्गा - २१
रोल्पा - १२
खोटाङ - ११
दार्चुला- ११
भोजपुर - ९
दैलेख - ८
सल्यान - ७
सिन्धुली - ७
सुर्खेत - ६
जाजरकोट - ५
कास्की - ४
धनकुटा - ४
गुल्मी - ३
झापा - ३
रूकुम पश्चिम - ३
अर्घाखाँची - ३
अछाम - ३
रूपन्देही - २
बाजुरा - २
सिन्धुपाल्चोक - २
पर्वत - २
मुगु - २
पाल्पा - २
ताप्लेजुङ - २
प्यूठान - २
दाङ - २
बाँके - २
डडेलधुरा - २
संखुवासभा - २
जुम्ला - १
सुनसरी - १
बागलुङ - १
लमजुङ - १
कैलाली - १
प्युठान - १
बारा - १
सोलुखुम्बु - १
अर्घाखाँची - १
रौतहट - १
पर्सा - १
दैलख - १
तेह्रथुम - १
मोरङ्ग - १
धनुषा - १
रुकुम पूर्व - १
उदयपुर - १
तँनहु - १
धादिङ्ग - १
स्याङजा - १
पाँचथर - १

### पहिरो - ७८

ईलाम - २६
म्याग्दी - ६
ताप्लेजुङ्ग - ४
पाँचथर - ४
डोटी - ३
लमजुङ्ग - ३
कास्की - ३
रूकुम पश्चिम - २
सुनसरी - २
पाल्पा - २
दोलखा - २
मकवानपुर - २
नुवाकोट - २
काभ्रे - २
बाजुरा - २
रसुवा - १
लम्जुङ - १
धादिङ्ग - १
डोल्पा - १
कालिकोट - १
बैतडी - १
रामेछाप - १
भक्तपुर - १
कैलाली - १
धनकुटा - १
काठमाण्डौ - १
मुगु - १
बागलुङ - १

### बाढी - १४

काठमाण्डौ - ४
नुवाकोट - ४
रामेछाप - १
सिन्धुली - १
सुनसरी - १
बाजुरा - १
मकवानपुर - १
धादिङ्ग - १

### अविरल वर्षा - १९

सिन्धुली - ४
बाजुरा - २
ललितपुर - २
इलाम - २
जाजरकोट - २
कास्की - १
स्याङ्जा - १
सुर्खेत - १
धनकुटा - १
काभ्रे - १
अछाम - १
डोटी - १

# मनसुन २०८२ वर्षाको विवरण:

यस वर्ष मनसुन आगमन भए देखि बहिर्गमनसम्म (जेठ १५ देखि असोज २४ गतेसम्म) मा मापन गरिएको वर्षाको नक्साः




चित्र १- यस वर्ष मनसुन आगमन भए देखि बहिर्गमन सम्म (जेठ १५ देखि असोज २४ गते सम्म) मा मापन गरिएको वर्षाको नक्सा




चित्र २- यस वर्ष मनसुन आगमन भए देखि बहिर्गमन सम्म (जेठ १५ देखि असोज २४ गते सम्म) मा देशका १२६ वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदर संगको तुलना

# मनसुन २०८२ पूर्वतयारी तथा प्रतिकार्यको समयरेखा

## २०८१ चैत्र

**१९** – मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमाको लागि कार्यदल गठन।

## २०८२ वैशाख

**८** – कार्ययोजनाका लागि विवरण उपलब्ध गराउन संघीय मन्त्रालयहरु रहेको Leads, र यूएन एजेन्सी तथा रेडक्रस रहेको Co-Leads, सुरक्षा निकाय, प्रदेश सरकार एवं अन्य सम्बन्धित निकाय सबैलाई पत्राचार।

**८** – कार्यदल बैठकमा उपस्थितिको लागि कार्यदलका पदाधिकारी, कार्यदलमा छुटेका leads र co-leads लाई पत्राचार।

**१४** – Leads & Co-leads अन्तरक्रियात्मक बैठक आयोजना भई कार्ययोजनाबारे छलफल।

**१५** – कार्यदलको बैठक सम्पन्न। कार्ययोजना तर्जुमाको लागि पाँच सदस्यीय मस्यौदा लेखन समिति गठन।

**२१** – कार्यकारी समितिको ३१ औं बैठक सम्पन्न। विगतमा भएका मनसुनजन्य विपद्का कारण सिर्जित जनधनको क्षतिलाई स्मरण गर्दै यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानसमेतको आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ लाई यथाशीघ्र अन्तिम रुप दिन निर्देशनलगायतका निर्णय।

**२६** – संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा Early Recovery Cluster लगायत मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाबारे छलफल।

## २०८२ जेठ

**६** – मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को मस्यौदामाथि विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गै.स.स.का प्रमुख तथा प्रतिनिधिहरु एवं विज्ञहरुको सुझाव संकलन।

**६** – प्राधिकरणको आयोजनामा गृहमन्त्री रमेश लेखकको उपस्थितिमा प्राधिकरणका उच्च अधिकारीहरुद्वारा मनसुन प्रतिकार्यका सम्बन्धमा पर्वतारोहण, हिमाली क्षेत्रको उद्धार, जल तथा पदयात्रासँग सम्बन्धित संस्थाका प्रतिनिधिहरुसँग छलफल सम्पन्न।

**७** – जल तथा मौसम विज्ञान विभागबाट वि.सं. २०८२ सालको मनसुनको हावापानी आकलन सार्वजनिक।

**१३** – प्राधिकरणद्वारा मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रभावकारी सञ्चारका विषयमा PSBN, ACORAB, BAN, पत्रकार महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, सुरक्षा निकाय र सरोकारवाला संस्थाका प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न।

**१४** – कार्यकारी समितिको ३२औं बैठक सम्पन्न। 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' स्वीकृत।

**१९** – गृहमन्त्री रमेश लेखकसहित प्राधिकरणका उच्च अधिकारीद्वारा सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालय, हल्चोक पुगेर विपद् व्यवस्थापनको पूर्वतयारी तथा प्रतिकार्यको कार्ययोजनाको निरीक्षण।

**२०** – 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' लगायतका विषयमा संचारकर्मीहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न। कार्ययोजनाका मुख्य बुँदा, प्राधिकरणका जिम्मेवारी, मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्टलगायतका विषयमा जानकारी गराइएको।

**२०** – गृहमन्त्री रमेश लेखक, प्राधिकरणका कार्यकारी प्रमुख ई. दिनेश भट्टसहितको टोलीद्वारा नेपाल प्रहरी मुख्यालय पुगेर विपद् व्यवस्थापनको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको निरीक्षण।

**२८** – मनसुन प्रतिकार्य कमाण्ड पोष्टको पहिलो बैठक सम्पन्न। कार्ययोजनामा उल्लेख भएअनुसार कार्यान्वयनको अवस्थाबारे प्राधिकरणमा नियमित रुपमा प्रतिवेदन गर्न सम्बद्ध सबै निकायलाई निर्देशन।

## २०८२ असार

**४** – प्राधिकरणका कार्यकारी प्रमुख ई. दिनेश भट्टसहितको टोलीद्वारा सशस्त्र प्रहरी बल, नेपालको कार्यालय पुगी विपद् व्यवस्थापनको पूर्वतयारीबारे जानकारी लिनुका साथै निरीक्षण।

**६** – नवलपरासी पूर्वको बिनयी त्रिवेणी गा.पा.-१ पूर्व-पश्चिम राजमार्ग स्थित बिनयी खोलाको बाढीमा फसेको भे. १. ख ४०८५ नं. को यात्रुबाहक बसका सबै यात्रुहरु (२७ जना) को करिव ३ घण्टाको प्रयास पश्चात सकुशल उद्धार।

**९** – मनसुन प्रतिकार्य कमाण्ड पोष्टको दोस्रो बैठक सम्पन्न। संभावित जोखिम रहेका क्षेत्र, नदी, खोला नाला र पानीको बहाव समेत उच्च हुन सक्ने राजमार्ग, स्थानीय सडक सञ्जालहरुमा सार्वजनिक/निजी सवारी साधनको संचालनमा आवश्यकता अनुसार रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्नेलगायतका निर्णय।

**१६** – अविरल वर्षाका कारण कैलालीको धनगढी उपमहानगरपालिका, कञ्चनपुरको भिमदत्त नगरपालिका, पुनर्बास नगरपालिकामा डुबानमा परेका स्थानीयहरुको सुरक्षाकर्मीद्वारा उद्धार गरी सुरक्षित स्थानमा राखिएको।

**१७** – विपद् प्रतिकार्यमा हवाई उद्धारका लागि निजी हेलिकोप्टर प्रयोग गर्ने सम्बन्धमा प्राधिकरण र वायुसेवा संचालक संघ नेपालबीच समझदारी पत्रमा हस्ताक्षर।

**२३** – संयुक्त राष्ट्रसंघीय निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरुसँग यस वर्षको मनसुनको एक महिना अवधिको समीक्षा बैठक सम्पन्न।

## २०८२ साउन

**१** – विपद् व्यवस्थापनका सन्दर्भमा राजनीतिक पार्टीका नेताहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न।

**४** – मनसुन प्रतिकार्य कमाण्ड पोष्टको तेस्रो बैठक सम्पन्न। रसुवा बाढीबाट बेपत्ता भएकाहरुको खोजी कार्यलाई निरन्तरता दिने, विद्युत आपूर्ति र सञ्चार सेवालाई प्रभावकारी बनाउनेलगायतका निर्णय।

**६** – गृहमन्त्री रमेश लेखकको उपस्थितिमा प्राधिकरण र नेपाल मानवरहित विमान (ड्रोन) संघ (UDAAN) तथा नेपाल ड्रोन संघ बीच विपद् व्यवस्थापनमा ड्रोन प्रयोग गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर।

**८** – नेपाल सरकार मन्त्रिपरिषद्बाट मधेश प्रदेशलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा।

**१०** – गृहमन्त्री रमेश लेखकको उपस्थितिमा प्राधिकरणबाट विपद् संकटग्रस्त क्षेत्र घोषित मधेश प्रदेशसहित तराई-मधेशका स्थानीय तहका प्रमुख/अध्यक्षहरु र प्रमुख जिल्ला अधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न।

**१२** – मधेश प्रदेशलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रसलगायतसँग समन्वयात्मक बैठक सम्पन्न। खानेपानी, कृषि, सिंचाइ र जीविकोपार्जनलाई प्राथमिकतामा राखेर काम गर्न प्राधिकरणद्वारा आग्रह।

**१४** – रसुवाको गोसाईंकुण्ड गा.पा.-२ ल्हेन्दे खोलामा हिमबाढी। ८ जना बेपत्ता, टिमुरेस्थित मितेरी पुल, भन्सार यार्डमा क्षति।

## २०८२ असोज

**१४** – जल तथा मौसम विज्ञान विभागबाट असोज १७ गतेदेखि २० गतेसम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मनसुनी गतिविधि सक्रिय भई भू-क्षय, बाढी र पहिरोजस्ता जोखिम हुने सूचना तथा जानकारीसहितको विशेष बुलेटिन जारी।

**१५** – भारीदेखि अति भारी वर्षा हुने सम्भावनासम्बन्धी जल तथा मौसम विज्ञान विभागद्वारा प्रकाशित विशेष बुलेटिनका आधारमा प्राधिकरणबाट 'उच्च सतर्कताका लागि अनुरोध' सहितको सूचना तयार गरी प्राधिकरणको वेवसाइट, सामाजिक सञ्जालका साथै रेडियो, टेलिभिजन, अनलाइन मिडियाहरुबाट समेत प्रकाशन र प्रशारण।

**१६** – गृहमन्त्री ओमप्रकाश अर्यालको प्रमुख आतिथ्यमा गृह सचिव, प्राधिकरणका प्रमुख कार्यकारी, मन्त्रालय एवं प्राधिकरणका अधिकारीहरु, चारवटै सुरक्षा निकायका प्रमुख एवं विपद् फोकल पर्सन, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सदस्यहरुको उपस्थितिमा भर्चुअल बैठक सम्पन्न। सम्भावित वर्षाबाट उत्पन्न हुनसक्ने जोखिमलाई लिएर सतर्क रहन र विपद् पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्य गर्न निर्देशन।

**१९**
- मनसुन प्रतिकार्य कमाण्ड पोष्टको चौथो बैठक सम्पन्न। विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत, स्थानान्तरण तथा पुनर्स्थापनाका कार्य यथाशीघ्र सम्पन्न गर्न स्थानीय तह र सरोकारवालालाई अनुरोध गर्ने लगायतका निर्णय।
- सडक र राजमार्गहरुको यात्रामा हुने जोखिम र यातायातमा रोक लगाउने विषयमा यातायात व्यवसायी महासंघसँग छलफल।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (NPDRR) र Cluster Leads & Co-Leads हरुसँग भर्चुअल छलफल गरी विपद्को आकलनका आधारमा पूर्वतयारी, पूर्वकार्य गर्न र प्रतिकार्यका लागि तयारी अवस्थामा रहन आह्वान।

**१८**
- सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीबाट विशेष सम्बोधन गरी संभावित जोखिम अवधिभर सुरक्षित बस्न र घटना पश्चात तुरुन्त प्रतिकार्य गर्न आग्रह।
- संभावित प्रभावित जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुबाट आवश्यकता अनुसार यातायात सञ्चालनमा रोक। लामो दूरीका र काठमाण्डौ भित्रिने/बाहिरिने सबारीसाधनको आवतजावत पनि असोज २० गतेसम्मका लागि रोक ।
- प्राधिकरणबाट राजमार्गमा रोकिएका यातायात र यात्रुहरुको व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन जारी ।
- प्राधिकरणबाट नदी खोला किनारका सडकमा सवारी आवागमनमा रोक लगाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन जारी ।
- गृह मन्त्रालयबाट राजमार्गमा रोकिएका यातायात र यात्रुहरुका साथै एम्बुलेन्स र अलपत्र परेका गर्भवती महिलाहरुलाई व्यवस्थापन गर्न एवं जोखिममा रहेका जिल्लाका हकमा २४ सै घण्टा कार्यालयमा उपलब्ध हुने व्यवस्था मिलाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन।
- विहान ८ बजेदेखि प्राधिकरणमा कमाण्ड सेन्टर स्थापना गरी क्षतिको जानकारी तथा उद्धार तथा राहतको समन्वय तथा सहजीकरण गरिएको। सेन्टर असोज १९ राति १० बजेसम्म (३८ घण्टा) लगातार संचालन।

**२१**
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १९ औं बैठक सम्पन्न। विपद् प्रभावितलाई तत्काल राहत एवं अस्थायी आवास निर्माणका लागि पहिलो किस्ता वितरण गर्नेलगायतका निर्णय ।
- पत्रकार सम्मेलन आयोजना गरी परिषदका निर्णयहरु सार्वजनिक।

**२२** – 'क्लस्टर लिड्स' (Cluster leads) रहेका संघीय मन्त्रालय र 'क्लस्टर को-लिड्स' (Cluster Co-leads) मा रहेका विभिन्न निकायसँग समन्वय बैठक गरी विपद्का कारण जनधनको बढी क्षति भएका जिल्लाहरुमा तत्काल राहत व्यवस्थापनमा जुट्न आग्रह।

**२३** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार मन्त्रिपरिषद्को बैठकबाट असोज १७ देखि २० गतेसम्म परेको पानीको कारण सबैभन्दा बढी क्षति पुगेको जिल्ला इलामलाई ३ महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा।

**२४** – मिति २०८२ असोज २४ गते यस वर्षको मनसुन नेपालबाट बाहिरिएको।

नोट: ◯ घेरा भित्र अंकित अंकले मिति बुझाउँछ।

# मनसुनका घटना र प्रतिकार्यका केही तस्वीरहरू























इलामको माइखोला पुल


विपी राजमार्गको
चौकी डाँडास्थित
डाइभर्सन बगाएको












### सम्बन्धित दस्तावेजहरू

मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२
Link : https://ndrrma.gov.np/np/plan/201

### महत्वपूर्ण लिङ्कहरू

- http://www.drrportal.gov.np
- https://bipadportal.gov.np
- https://vms.ndrrma.gov.np
- https://www.dhm.gov.np

### विपद्का सूचना र सन्देशका लागि

www.facebook.com/NDRRMA
www.twitter.com/NDRRMA_Nepal
www.youtube.com/c/NDRRMA
विपद् सूचना (NDRRMA)
ndrrma_nepal

मिति २०८२ कार्तिक २५ गते

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं